# अनुसूची -३

## दफा ८ को उपदफा (१) सँग सम्बन्धित) कार्यालय र लाभग्राही बीच आवास एकाई निर्माणका

## सम्बन्धमा गरिने सम्झौताको ढाँचा:

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर चितवन (यस पछि पहिलो पक्ष भनिने) र भरतपुर महानगरपालिका वडा नं............ बस्ने ......... ........................का नाति/नातिनी, .................................. का छोरा/बुहारी, भरतपुर महानगरपालिका मेयर विपन्न आवास कार्यक्रममा दर्ता भएको लाभग्राही दर्ता नं.......... का श्री....................................... (नागरिकता नं. ...............) (यस पछि दोस्रो पक्ष भनिने) बीच आवास एकाई निर्माण गर्ने सम्बन्धमा देहायका शर्तहरुमा मञ्जुर भई निर्माण सम्झौता गरी एक/एक प्रति बुझि लिँयौ /दियौं।

१. आवास एकाई निर्माण स्थल: चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.......... टोल..............

२. उद्देश्यः ..... वटा आवास एकाईहरु निर्माण गर्ने।

३. कूल लागतः प्रति आवासको रु. ....... का दरले वटा आवास एकाईहरुको जम्मा रु. ........

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधिः

   (क) शुरु हुने मितिः............ (ख) पुरा हुने मितिः .. सम्म

५. खर्च व्यहोर्ने श्रोतः

   (क) कार्यक्रमबाट व्यहोरिनेः.

   (ख) लाभग्राहीबाट व्यहोरिने :..

      (१) नगदः........ (२) निर्माण सामग्रीः............

      (३) श्रमः..... (४) कूल रकमः..

६. भुक्तानीको ढाँचाः

   (क) लाभग्राहीलाई जम्मा चार किस्तामा रकम दिन सकिनेछ । भवनको लागत अनुमान तयार भई सम्झौता भएर जग खन्ने कार्य पुरा भए पश्चात १५% रकम, प्लिन्थ लेभल सम्मको निर्माण कार्य सम्पन्न भए पछि थप ३०%, गारो तयार भई झ्याल ढोकाको चौकोश समेत राखेपछि (शौचालयको समेत) थप ३५% र सबै कार्य सम्पन्न भएपश्चात बाँकी २०% भुक्तानी हुनेछ यसरी भुक्तानी दिँदा नियमानुसार कर तथा कन्टिन्जेन्सी रकम कट्टी हुनेछ ।

   (ख) उपरोक्तानुसार भुक्तानीको लागि कार्यक्रमको इन्जिनियर वा प्राविधिक

कर्मचारीको मुल्याङ्कन र अन्तिम भुक्तानीमा अनुगमन समितिको अनुगमन प्रतिवेदन अनिवार्य हुनु पर्नेछ ।

(ग) कुनै लाभग्राहीले कुनै आवास एकाई निर्माण सम्पन्न नहुदै निर्माण कार्य छोडेकोमा कार्यक्रम निर्देशक समितिलाई छोड्नु पर्नाको कारण चित्त नबुझेमा खण्ड (क) बमोजिमको भुक्तानी भै नसकेको भए भुक्तानी नहुने र भुक्तानी भैसकेको भए सो समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७. अन्य शर्तहरुः

(क) कार्यक्रमले स्वीकृत गरेको लागत अनुमान अनुसारको आवास निर्माण गर्नु पर्ने र आवासमा लगाईने रंङ्गरोगन पनि तोकिए बमोजिमको प्रयोग गर्नु पर्ने,

(ख) लागत अनुसारको एक शौचालय समेत निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनु पर्ने भएमा र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

(घ) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राही समूह वा लाभग्राहीहरुले पालना गर्नु पर्नेछ।

८. सम्झौताका पक्षहरुः

| | |
|---|---|
| कार्यक्रमका तर्फबाट | लाभग्राहीहरुको तर्फबाटः |
| प्रमुख प्रशासकीय अधिकृत | नामः |
| नामः | |
| रोहवरः | लाभग्राही नं. |
| इन्जिनियर/सव इन्जिनियर ...... | लाभग्राहीको ठेगाना |
| नागरिकता नं.......... | |

मितिः

| फोटो | दायाँ | बायाँ |
|---|---|---|
| | | |